# लागत साझेदारीमा सहकारी संस्थाले कार्य सम्पादन गर्ने सम्बन्धी कार्यविधि, २०७५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

करणाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

नेपाल

## लागत साझेदारीमा सहकारी संस्थाले कार्य सम्पादन गर्ने सम्बन्धी कार्यविधि, २०७५

मा.मन्त्रीज्यूबाट मिति
२०७५/०८/०५ गते स्वीकृत

प्रस्तावनाः
नेपालको संविधानको निर्देशक सिद्धान्त वमोजिम सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई कर्णाली प्रदेश सरकारले तीन खम्बे अर्थ नीतिका रुपमा अवलम्वन गर्दै सार्वजनिक, सहकारी र निजी क्षेत्रको संयुक्त सहभागिताद्वारा आर्थिक तथा सामाजिक सशक्तिकरणको अभियानलाई मुर्त रुप दिंदै लगानी एवं उत्पादनमा गुणात्मक बृद्धि गर्न, "सम्बृद्ध कर्णालीका लागि सहकारी अभियान", "गाँउ-गाँउमा सहकारी, घर-घरमा रोजगारी" जस्ता विषय प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा समावेश गरिएको छ। सहकारी संस्थाको व्यवसायको विकास र विस्तार गरि सहकारीका सदस्यहरुको आर्थिक उन्नयन गर्नको लागि मन्त्रालयले लागत साझेदारीमा सञ्चालन गर्ने क्रियाकलापलाई सरल, पारदर्शी, व्यवस्थित, प्रभावकारी एवं विधिसम्मत बनाउन वाञ्छनीय भएकोले मन्त्रालयले "लागत साझेदारीमा सहकारी संस्थाले कार्य सम्पादन गर्ने सम्बन्धी **कार्यविधि, २०७५**" तयार गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लागत साझेदारीमा सहकारी संस्थाले कार्य सम्पादन गर्ने सम्बन्धी कार्यविधि-२०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोजना" भन्नाले दफा ३ को उपदफा (३) वमोजिम सहकारी संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ र सो शब्दले परियोजना तथा कार्यक्रम समेत जनाउँदछ ।

(ख) "निर्देशन समिति" भन्नाले दफा १७ को उपदफा (१) वमोजिमको निर्देशन समिति सम्झनु पर्छ ।

(ग) "प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा १२ वमोजिमको प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका निकाय सम्झनु पर्छ ।

(छ) "कार्यालय प्रमुख" भन्नाले मन्त्रालय अन्तर्गतका निकायका प्रमुख सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनुपर्छ ।

(झ) "विनियम" भन्नाले संस्थाको विनियम सम्झनु पर्छ ।

(ञ) "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षिय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरुलाई प्रत्यक्ष संग्लन गराएर सामूहिक वा व्यक्तिगत जोखिममा संचालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शव्दले त्यसरी सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, रेशमखेती, मौरी पालन कुखुरापालन जस्ता व्यवसायलाई समेत जनाउंछ।

(ट) "अस्थायी प्रकृतिको संरचना" भन्नाले भाडा वा लिजमा लिई संचालन गरिने शीतभण्डार, सेलारहाउस, सञ्चय भण्डार, टनेल हाउस, तरकारी र फलफूल खेतीको लागि आवश्यक संरचना, पशुपालनको लागि निर्माण गरिने गोठ वा खोर निर्माण जस्ता अन्य अस्थायी प्रकृतिका संरचनाहरु पर्दछन् ।

(ठ) "क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम" भन्नाले सहकारी संस्थामा कार्यरत कर्मचारी तथा संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धिका लागि प्रदान गरिने विभिन्न किसिमका तालिम, गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सम्झनुपर्दछ ।

(ड) "समिति" भन्नाले संस्थाको संचालक समिति सम्झनु पर्छ ।

(ढ) "साधारणसभा" भन्नाले संस्थाको साधारणसभा सम्झनु पर्छ ।

(ण) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शव्दले सहकारी संघलाई समेत जनाउंछ ।

## परिच्छेद– २

## लागत साझेदारीमा कार्य सम्पादन गर्ने सम्वन्धी व्यवस्था

३. <u>लागत साझेदारीमा काम गर्न सक्ने:</u> (१) सहकारी संस्थाको आयोजना सञ्चालन गर्न प्रदेश सरकारले देहाय वमोजिमको क्षेत्रमा लागत साझेदारीमा काम गर्न गराउन सक्नेछ:

(क) बीउपुंजी कोष सम्बन्धी आयोजना,

(ख) क्षमता अभिबृद्धि सम्बन्धी आयोजना,

(ग) पुंजीगत खर्च सम्बन्धी आयोजना र

(घ) लक्षित बर्ग सम्बन्धी आयोजना।

(२) उपदफा (१) वमोजिम प्रत्येक वर्ष लागत साझेदारीमा सञ्चालन गरिने आयोजना मन्त्रालयको स्वीकृत वजेट तथा कार्यक्रममा व्यवस्था भए वमोजिम हुनेछ।

(३) उपदफा (१) वमोजिम लागत साझेदारीमा सञ्चालन गरिने सहकारी संस्थाको देहाय वमोजिमका आयोजना हुनेछन् ।

(क) लक्षित बर्ग, श्रमिक, भूमिहीन, कृषक, विपन्न समूह, सीमान्तकृत समुदाय, दलित तथा जनजाती, यूवा, महिला, एकल महिला वा पुरुष, द्वन्दपिडित ब्यक्ति सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सामूहिक वा व्यक्तिगतरुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) कृषक सहकारी संस्थाले दीर्घकालीन रुपमा भूमिको व्यवस्था गरी सदस्यलाई संग्लन गराई संचालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) कृषक सहकारी संस्थाले आफ्ना सदस्यहरुको उपज संङ्कलन, संचय, प्रशोधन तथा बजारीकरण गर्ने सम्वन्धी आयोजना,

(घ) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु विक्री वितरण गर्ने आयोजना,

(ङ) सहकारी संस्थाले आ आफ्ना सदस्यहरु एवं कर्मचारीहरुको क्षमता वृद्धि गरि सहकारी संस्थाको हित अभिवृद्धि गर्न मद्धत पुर्याउने खालका आयोजना,

(च) विषयसँग सम्बन्धित सहकारी संस्थाले संगठित भई सामूहिक रुपमा सञ्चालन गर्ने सहकारी भवन, सहकारी कम्पलेक्स, होमस्टे, कोशेलीघर, अर्गानिक चमेनागृह, शीतघर, सेलार हाउस, श्रोत केन्द्र, प्रशोधन केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत, कृषि औजार कारखाना, प्रांगरिक मल तथा जैविक विषादी उत्पादनसँग सम्बन्धित कारखाना स्थापना जस्ता साझा उपयोगका आयोजना र

(छ) कृषिको उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न मद्धत पुग्ने कृषि औजार तथा यन्त्र उपकरण खरिद सम्वन्धी आयोजना ।

४. <u>बिउ पुँजि कोष सम्वन्धी आयोजना सञ्चालन गर्न सक्नेः</u> (१) कार्यालयले दफा (३) को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिमको आयोजना सञ्चालन गर्न रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना सञ्चालन गर्दा बिउ पुँजि कोषसँग सम्वन्धित कार्यक्रमका सम्बन्धमा रकम उपलब्ध गराउदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याको आधारमा प्रति सदस्य तीस हजार रुपैया वा कूल नौं लाख मध्ये जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम बिउ पुँजि कोष सम्वन्धी आयोजना सञ्चालन गर्न उपलब्ध गराईएको रकम सहकारी संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थीर तथा कार्यशिल पुँजिका साथै व्यवसाय सञ्चालन खर्च बेहोर्ने गरि उपयोग गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको आयोजनाका लागि रकम प्राप्त गरेको पाँच वर्ष पूरा नभई सोही सहकारी संस्थाले यस कार्यविधि बमोजिम पुनःरकम प्राप्त गर्न सक्नेछैन ।

५. <u>क्षमता अभिबृद्धि सम्बन्धी आयोजना सञ्चालन गर्न सक्नेः</u> (१) कार्यालयले दफा (३) को उपदफा (३) को खण्ड (ङ) बमोजिमको आयोजना सञ्चालन गर्न सहकारी संस्थालाई रकम प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना सम्बन्धमा रकम उपलब्ध गराउदा प्रति सदस्य पाँच हजार रुपैया वा दुई लाख मध्ये जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोजना सञ्चालन गर्न रकम प्राप्त गर्ने सहकारी संस्थाले उपदफा (२) बमोजिम प्राप्त गरेको रकमको कम्तीमा वीस प्रतिशत रकम लगानी गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको आयोजनाका लागि रकम प्राप्त गरेको दुई वर्ष पूरा नभई सोही संस्थाले यस कार्यविधि बमोजिम पुनः रकम प्राप्त गर्न सक्नेछैन ।

उपसचिव



सचिव

...विलला के.सी.
मन्त्री

(५) दफा (५) बमोजिमको आयोजना सञ्चालन गर्दा संस्थाले मन्त्रालय वा कार्यालयसँगको सहकार्यमा गर्नुपर्नेछ ।

(६) यस कार्यविधि बमोजिम क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रदान गरिएको रकम सहकारी संस्थाले आफ्नो जगेडा कोषमा राखी क्षमता अभिबृद्धि सम्बन्धी आयोजनामा मात्र उपयोग गर्नुपर्नेछ ।

६. <u>पुँजिगत खर्च सम्बन्धी आयोजना सञ्चालन गर्न सक्नेः</u> (१) दफा (३) को उपदफा (३) को खण्ड (च) र (छ) बमोजिमका आयोजना सञ्चालन गर्न कार्यालयले रकम प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आयोजना सञ्चालन गर्न रकम प्रदान गर्दा कुल स्थीर पुँजि आवश्यकताको सत्तरी प्रतिशत सम्म प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका आयोजना चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेमा आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरि सञ्चालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम एक आर्थिक वर्षमा सम्पन्न हुन नसकेको आयोजनाको लागी प्रदान गरिने लागत साझेदारी सम्वन्धी ब्यवस्था आयोजनाको प्रकृति हेरि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस कार्यविधि बमोजिम पूंजिगत खर्च अन्तर्गतका आयोजना सञ्चालन गर्न प्रदान गरिएको रकम संस्थाको जगेडा कोषमा राखि आयोजनाको पूंजिगत खर्चमा मात्र उपयोग गर्नुपर्नेछ ।

७. <u>**आयोजनामा सहभागी हुनका लागि संस्थाले पूरा गर्नुपर्ने शर्तहरुः**</u>

(१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा सहभागी भै आयोजना सञ्चालन गर्नका लागी संस्थाले देहाय बमोजिम शर्तहरु पूरा गरेको हुनुपर्नेछः

क) उत्पादनमूलक संस्थाले सदस्यहरुको मात्र उपज खरिद गर्ने गरेको,

ख) उपभोक्ता संस्थाले सदस्यहरुलाई मात्र आवश्यक वस्तु वा सेवा विक्रि गर्ने गरेको र

ग) रोजगारीमूलक संस्थाले सदस्यहरुलाई मात्र रोजगारी दिएको ।

उपसचिव



मन्त्री

तर यातायात, स्वास्थ्य सेवा, खानेपानी, विद्युत, शिक्षा जस्ता सेवा प्रदान गर्ने आयोजना को हकमा यो उपदफा लागु हुनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सदस्यहरुको उत्पादनबाट मात्र माग पुरा हुन नसकेको अवस्था वा सदस्यहरुको माग पूरा भैसकेको अवस्थामा गैर सदस्यहरुबाट वस्तु वा सेवा लिन वा दिन वाधा पर्ने छैन ।

८. आयोजना सञ्चालन गर्न नसकिने अवस्थाहरुः (१) सहकारी संस्थाको आयोजना वा कार्यक्रम वार्षिक बजेट तथा कार्यक्रममा परी स्वीकृत भएको भएता पनि निम्न शर्त पूरा नगरेको संस्थाको आयोजना लागत साझेदारीमा सञ्चालन गरिने छैनः

(क) वार्षिक साधारणसभा नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमित रुपमा वार्षिक लेखापरीक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको दूरुपयोग गरी कार्वाहीमा परेको,

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कारोवार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाणपत्र नभएको,

(२) उपदफा (१) मा उल्लेखित शर्तहरु मध्ये (क), (ख), (ग), (घ) र (छ) मा उल्लेखित शर्तहरु संस्था दर्ता भएको कम्तिमा एक वर्ष पूरा नभएको संस्थाको हकमा लागु हुने छैन।

(३) वचत तथा ऋणको मात्र कारोवार गर्ने संस्थाको हकमा दफा (४) को उपदफा (३) बमोजिमको कुनैपनि पूंजिगत खर्च प्रकृतिको आयोजना सञ्चालन गरिने छैन ।

उपसचिव सचिव मन्त्री

## परिच्छेद ३

### लागत साझेदारीमा सहभागी हुने तथा आयोजना सञ्चालन गर्ने सम्वन्धी ब्यवस्था

९. **सहकारी संस्थाले दरखास्त पेश गर्ने सम्वन्धी ब्यवस्थाः**- (१) तोकिएको क्षेत्रमा रहेका लागत साझेदारीमा सहभागी भै काम गर्न इच्छुक सहकारी संस्थाले अनुसूची-१ मा उल्लिखित ढाँचामा तोकिएको समयावधि भित्र दरखास्त पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्दा दरखास्त साथ निम्न कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) संस्थाको विनियमको प्रतिलिपी,

(ग) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,

(घ) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी,

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभा वा सञ्चालक समितिबाट आयोजना सञ्चालन गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपी,

(छ) सञ्चालक समितिको पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन, मोवाईल नम्वर खुलेको विवरण,

(ज) निर्माणसँग सम्बन्धित आयोजनाको हकमा संस्थाको आफ्नो नाममा रहेको जग्गाधनी पुर्जाको प्रतिलिपी ,

(झ) अस्थायी प्रकृतिका संरचनाहरु निर्माणको हकमा १० बर्ष सम्मका लागी भाडा वा लिजमा लिएको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,

(ञ) करारनामा वा सम्झौताको प्रतिलिपी,

(ट) अनुसूची-२ बमोजिम आयोजनाको विवरण,

(ठ) आयोजनामा संस्थाको तर्फबाट गर्नुपर्ने लगानीको सुनिश्चितता भएको पत्र।

१०. <u>दरखास्त मागको सूचना प्रकाशन गर्ने:</u> (१) कार्यालयले सहकारी संस्थाहरुलाई लागत साझेदारीमा सहभागी भै आयोजना सञ्चालन गर्नको लागी अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्ने व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पेश गर्नको लागी कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(३) कार्यालयले प्रस्ताव माग गरेको सूचना सम्बन्धित निकाय, नगरपालिका वा गाउँपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गर्नका साथै स्थानीय पत्र-पत्रिका वा एफ. एम. रेडियो मार्फत प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

११. <u>दरखास्तको प्रारम्भिक छानविन गर्ने:</u> (१) दफा १० बमोजिम कार्यालयले प्राप्त दरखास्तको प्रारम्भिक छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा कार्यालयले अनुसूची-४ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा प्राप्त दरखास्तको प्रारम्भिक छानविन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा जाँचसूची मध्ये कुनैमा असफल भएको पाईएमा कार्यालयले त्यस्तो दरखास्त स्वीकृत नहुने ब्यहोराको जानकारी सम्बन्धित सहकारी संस्थालाई गराउनु पर्नेछ ।

उपसचिव सचिव मन्त्री

(४) उपदफा (२) बमोजिम छानविन गर्दा यस कार्यविधि बमोजिम लागत साझेदारीमा काम गराउन मिल्ने देखिएमा कार्यालयले उपदफा (२) बमोजिम जाँचसूची सहित प्राप्त प्रस्ताव छनौट गरि दफा १२ बमोजिमको समितिमा पठाउनु पर्नेछ ।

१२. प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिको गठन: सहकारी संस्थाहरुबाट प्राप्त प्रस्तावहरुको मुल्याङ्कन तथा छनौट गर्न देहाय बमोजिमको समिति रहनेछ:

क) कृषिसँग सम्बन्धित कार्यक्रमका लागि:

(१) सम्बन्धित कृषि ज्ञान केन्द्रको अधिकृत -संयोजक

(२) सम्बन्धित प्रदेश लेखा इकाईको प्रमुख -सदस्य

(३) सम्बन्धित कृषि ज्ञान केन्द्रका खरिद इकाइ प्रमुख -सदस्य-सचिव

ख) पशुपंछी तथा मत्स्यसँग सम्बन्धित कार्यक्रमका लागि:

(१) सम्बन्धित भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अधिकृत —संयोजक

(२) सम्बन्धित प्रदेश लेखा इकाईको प्रमुख -सदस्य

(३) सम्बन्धित केन्द्रका खरिद इकाई प्रमुख -सदस्य-सचिव

१३. समितिको काम, कर्तव्य र अधिकार: (१) प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आवश्यकता अनुसार स्थानीय तहका प्रतिनीधि तथा अन्य निकायका प्रतिनीधिलाई बैठकमा आमन्त्रण गर्ने,

(ख) आयोजना छनौटको सिलसिलामा आवश्यक परेमा स्थलगत निरिक्षण गर्ने,

(ग) छनौट गरिएको आयोजनाको प्रस्ताव स्वीकृतिका लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

(घ) आयोजना मूल्याङ्कन तथा छनौट गर्दा कार्यविधिमा भएको कुनै प्रावधान सम्बन्धमा द्विविधा वा अस्पष्टता भएमा समितिको निर्णय सहित कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

(२) समितिले प्रस्तावको मूल्याङ्कन गरि छनौट गर्दा दफा १० को उपदफा (२) बमोजिमको म्याद भित्र प्राप्त भएका प्रस्तावहरुलाई मात्र समाबेश गर्नुपर्नेछ ।

(३) प्रस्तावको मूल्याङ्कन गर्दा समितिले अनुसूची-५ बमोजिमको आधारमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरि अङ्क प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गरेको प्रस्तावको छनौट गर्नुपर्नेछ ।

१४. कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकारः यस कार्यविधिकमा ब्यवस्था भए बमोजिम आयोजनाको कार्यान्वयन गर्ने सम्वन्धमा कार्यालय प्रमुखको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दफा १२ बमोजिको समितिले पेश गरेको आयोजनाको स्वीकृत गर्ने,

(ख) स्वीकृत कार्यक्रमको जानकारी सम्वन्धित सहकारी संस्थालाई दिने,

(ग) गाउँपालिका वा नगरपालिका वा अन्य कुनै निकायको प्राविधिकको सहयोगमा स्वीकृत आयोजनाको लागत अनुमान तयार गर्न लगाउने,

(घ) लागत अनुमान तयार भएपछि उक्त लागत अनुमानको आधारमा संस्थाले गर्नुपर्ने लगानी र मन्त्रालयको तर्फबाट गरिने लगानीको रकम वार्षिक स्वीकृत बजेटको परिधिभित्र रहेर एकिन गर्ने,

(ङ) कार्यालयको तर्फबाट सम्वन्धित सहकारी संस्थासंग अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गर्ने,

(च) आयोजनाको कार्यप्रकृति अनुसार सम्झौतामा शर्तहरु तोक्नुपर्ने देखिएमा आवश्यक शर्तहरु तोक्ने,

(छ) सम्झौता बमोजिम कार्य सुरु गर्न सम्वन्धित सहकारी संस्थालाई कायदिश दिने र

(ज) मन्त्रालयले दिएको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

१५. <u>आयोजना अनुगमन समितिको गठनः</u> कार्यान्वयनमा रहेका आयोजनाहरुको अनुगमन मूल्याङ्कन गर्न मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्न गराउन सक्नेछ ।

१६. <u>समितिको काम, कर्तव्य तथा अधिकारः</u> आयोजना अनुगमन समितिको काम, कर्तव्य र अधिकार मन्त्रालय, निर्देशनालय र कार्यालयले गठन गर्दा तोके बमोजिमको हुनेछ ।

१७. <u>निर्देशन समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम स्वीकृत आयोजनाको सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशन समिति रहनेछः

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(च) सचिव, उद्योग,पर्यटन, बन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

(३) कार्यालयले यस कार्यविधिको सम्बन्धमा द्विविधा भएको विषयमा लेखि पठाएमा उक्त द्विविधा हटाउनको लागी समितिले यस कार्यविधिको ब्याख्या गरि बाधा अडकाऊ फुकाउन मन्त्रालयलाई आदेश दिन सक्नेछ ।

(४) समितिले लागत साझेदारीमा काम गर्ने सम्बन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको शर्तको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको दायित्व हुनेछ ।

परिच्छेद ४

कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१८. विवरण सार्वजनिक गर्नुपर्नेः (१) मन्त्रालयको बजेट तथा कार्यक्रमबाट सञ्चालित आयोजनाको सम्बन्धमा आयोजना सम्बन्धी विवरण र खर्चको विवरण आयोजनास्थल एवं संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीको लागि प्रष्टसंग पढ्न सकिने गरी सहकारी संस्थाले आफ्नो सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव वमोजिम प्रदेश सरकारका साथै संस्थाको योगदान र अद्यावधिक खर्चका महलहरु समेत समावेश गरि राख्नु पर्नेछ ।

(३) मन्त्रालयले यस कार्यविधि वमोजिम साझेदारीमा सञ्चालन गरेका कार्यक्रमहरुको प्रगति विवरण र सोको वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

१९. साधारणसभालाई जानकारी गराउनु पर्नेः यस कार्यविधि वमोजिम अनुदान प्राप्त भए पछि सहकारी संस्थाले लगतै वस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

२०. असूल उपर गरिनेः- (१) यस कार्यविधि बमोजिम साझेदारीमा कार्य गर्ने गरी प्राप्त रकमको सम्बन्धित सहकारी संस्थाले आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागी प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको खर्च तोकिएको क्षेत्र बाहेक अन्यत्र गरि दुरुपयोग गरिएको निरीक्षण तथा अनुगमन गर्दा पाईएमा त्यस्तो संस्थाका सञ्चालक तथा पदाधिकारीको घरघरानाबाट दुरुपयोग भएको रकम सरकारी बाँकी सरह असुल उपर गरि प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

उपसचिव

सचिव

२१. <u>प्रतिवेदन पेश गर्नुपर्नेः</u> (१) सहकारी संस्थाले यस कार्यविधि बमोजिम साझेदारीमा सञ्चालन गरेको आयोजनाको प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको सात दिन भित्र कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा आयोजनाको प्रतिवेदन अवधिभित्र भएको भौतिक तथा वित्तिय प्रगति विवरण समेत प्रष्ट हुने गरि पठाउने ब्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन आयोजना सम्पन्न भए पश्चात भुक्तानी प्राप्त गर्नु पूर्व कार्यालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

२२. <u>स्वीकृत कार्यक्रम बमोजिमको बजेट रोक्का गर्न सक्नेः</u> (१) यस कार्यविधि बमोजिम अनुगमन गर्दा सहकारी संस्थाले लागत साझेदारीमा आयोजना सञ्चालन गर्न प्राप्त गरेको रकमको सदुपयोग नगरेको वा सम्झौता बमोजिमको कुनै शर्त पालना गरेको नपाईएमा अनुगमन प्रतिवेदनको आधारमा मन्त्रालयले मुनासिव समय दिई देहाय बमोजिम गर्न गराउन सक्नेछः

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सूचारु गर्न लगाउने,

(ग) सम्झौतामा उल्लेखित शर्त पालना नभएकोमा पालना गर्न लगाउने,

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा मन्त्रालयले आवश्यक सुधार गरेपछि फुकुवा हुने गरि बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

२३. <u>अधिकार प्रत्यायोजन गर्नुपर्नेः</u> (१) यस कार्यविधि बमोजिम कार्यालयबाट सञ्चलित हुने बजेट तथा कार्यक्रमको खर्च गर्ने अख्तियारी सचिवले सम्बन्धित कार्यालयका प्रमुखलाई पठाउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम कार्यसम्पादन गर्न सचिवले आफुलाई प्राप्त अधिकार आवश्यकता अनुसार सम्बन्धित कार्यालयको प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

उपसचिव

सचिव

.विमला के.सी.
मन्त्री

२४. <u>निरीक्षण तथा अनुगमन सम्बन्धी ब्यवस्थाः</u> (१) मन्त्रालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको जुनसुकै बेला निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमनमा खटिएका कर्मचारीलाई सहयोग गर्नु र दिएको निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय र सहकारी संस्थाको दायित्व हुनेछ ।

२५. <u>विभागीय कारवाही हुनेः</u> यस कार्यविधि बमोजिम उल्लेखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही हुनेछ ।

## परिच्छेद ५

## <u>लेखा, लेखापरीक्षण र भुक्तानी सम्बन्धी ब्यवस्था</u>

२६. <u>कन्टेन्जेन्सी रकम सम्वन्धी ब्यवस्थाः</u> (१) आयोजना सञ्चालन गर्नको लागि यस कार्यविधि बमोजिम कार्यालयले देहाय बमोजिमको कन्टेन्जेन्सी रकमको ब्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कन्टेन्जेन्सी रकम छुटयाउदा छनौट भएको आयोजनाका लागि विनियोजित बजेटबाट पूँजिगत खर्च अन्तर्गतका कार्यक्रम भए पाँच प्रतिशत कन्टेन्जेन्सीको रुपमा कट्टा गरी बाँकी रकम कार्यक्रम सञ्चालनको लागि कूल लागतमा समाबेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम कट्टा गरिएको कन्टेन्जेन्सी रकम आयोजनासँग सम्बन्धित कार्यालय सञ्चालन, बैठक भत्ता, विविध खर्च र अनुगमन निरीक्षणको लागी आवश्यक पर्ने दैनिक तथा भ्रमण खर्च प्रयोजनको लागी मात्र प्रयोग गर्नुपर्नेछ ।

२७. <u>लेखा राख्नुपर्नेः</u> सहकारी संस्थाले यस कार्यविधि बमोजिम साझेदारीमा काम गर्ने गरि प्राप्त गरेको रकमको विवरण प्रष्ट देखिने गरि प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा दोहोरो लेखा प्रणालीमा आधारित स्रेस्ता प्रणाली बमोजिम लेखा राख्नुपर्नेछ ।



मन्त्री

२८. <u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अनुसार भएको कामको खर्चको भुक्तानी देहाय बमोजिम तीन किस्तामा उपलब्ध गराउन सकिनेछ ।

(क) सम्झौता भई कार्य शुरु भए पश्चात खर्चको फाँटवारी र निर्माण कार्यको हकमा प्रथम रनिङ्ग विल प्राप्त भएपछि प्रथम किस्ता स्वरुप सम्झौता बमोजिमको बीस प्रतिशत रकम,

(ख) खर्चको फाँटवारी र दोस्रो रनिङ्ग विल प्राप्त भएपछि दोस्रो किस्ता वापत सम्झौता रकमको तीस प्रतिशत रकम र

(ग) कार्यसम्पन्न भए पश्चात सम्झौता बमोजिमको बाँकी पचास प्रतिशत रकम ।

(२) अन्तिम किस्ता भुक्तानी गर्नुपुर्व कार्यालयले सम्बन्धित सहकारी संस्थाबाट देहाय बमोजिमको कागजात प्राप्त भए नभएको जाँच गर्नुपर्दछ ।

(क) कार्य सम्पन्न गर्न लागेको कूल रकमको विवरण,

(ख) प्राविधिकबाट जाँचपास गरि कार्यसम्पन्न भएको भनी दिएको प्रतिवेदन,

(ग) कार्यक्रम सञ्चालन भएको सम्वन्धित नगरपालिका वा गाउँपालिका वा वडा कार्यालयले दिएको सिफारिस,

(घ) सम्बन्धित संस्थाले भुक्तानीको लागि सम्बन्धित निकायमा दिएको निवेदन,

(ङ) कार्यालयले आवश्यकता अनुसार स्थलगत निरीक्षणका लागि खटाएको कर्मचारीले दिएको प्रतिबेदन ।

(३) उपदफा (२) बमोजिमका कागजात प्राप्त भएपछि आवश्यक जाँचवुझ गरि सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाको प्रमुखले लेखा उत्तरदायी अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कागजात पेश भएपछि लेखा उत्तरदायी अधिकृतले भुक्तानीको लागी आदेश दिनेछ ।



उपसचिव　　सचिव　　विमला के.सी. मन्त्री

(५) उपदफा (४) बमोजिम आदेश प्राप्त भएपछि आर्थिक प्रशासन शाखाले सम्बन्धित संस्थाको नाममा खर्च लेखी एकाउन्टपेयी चेक खिची भुक्तानी दिने ब्यवस्था गर्नुपर्नेछ ।

२९. <u>लेखापरीक्षण गराउनुपर्ने:</u> (१) यस कार्यविधि बमोजिम सहकारी संस्थाले साझेदारीमा गरेको कामको सन्दर्भमा भएको खर्चको तोकिएको मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित कार्यालय र मन्त्रालयमा समेत दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन त्रुटिपूर्ण रहेको भनि कतैबाट उजुरी परेमा मन्त्रालयले तत् सम्बन्धमा आवश्यक छानविन गरि संस्थालाई पुनः लेखारीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

## परिच्छेद ६

## विविध

३०. <u>स्थानीय तहसंगको समन्वय:</u> (१) कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र यस कार्यविधि वमोजिम स्वीकृत भएको लागत साझेदारीमा सञ्चालन हुने आयोजना, सोको लागी छुट्याईएको बजेट रकम र प्रयोजन समेत खोली त्यस्तो सहयोग प्राप्त गर्ने संस्थाहरुको विवरण सम्वन्धित स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) संस्थाले दफा २१ वमोजिम कार्यालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(३) सम्वन्धित स्थानीय तहले उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले संचालन गरेको आयोजनाको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नु पर्नेछ ।

उपसचिव

सचिव



.विमला के.रा
मन्त्री

(४) सहयोग प्राप्त गर्ने संस्थाहरुले प्राप्त सहयोगवाट गरेका कार्यहरु र सोको उपलब्धी सम्वन्धी विवरण वार्षिक साधारण सभावाट अनुमोदन गरी सोको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत उपलव्ध गराउनु पर्नेछ ।

३१. <u>प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिने:</u> (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत विभिन्न सहकारी संस्थाहरुलाई सहयोग पुग्ने गरि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम प्रवर्द्धनात्मक कार्यक्रममा प्रदान गरिने रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न प्रदान गरिने रकमका सम्वन्धमा अन्य व्यवस्था निर्देशन समितिले तोके वमोजिम हुनेछ ।

३२. <u>असल नियतले गरेको कामको बचाउः</u> यस कार्यविधि बमोजिम असल नियतले गरेको काम कारवाहीको सम्वन्धमा मन्त्रालय वा कार्यालयको पदाधिकारी वा कर्मचारी ब्यक्तिगत वा सामुहिक रुपमा उत्तरदायी हुनेछैन ।

३३. <u>दिग्दर्शन एवं मापदण्ड वनाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक दिग्दर्शन एवं मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

३४. <u>व्याख्या गर्ने अधिकारः</u> यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी मन्त्रालयले कार्यविधिको व्याख्या गरि आवश्यक आदेश जारी गर्न सक्नेछ। यस सम्वन्धमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

३५. <u>प्रचलित कानून लागु हुनेः</u> यस कार्यविधि अनुसार सम्झौता बमोजिमको बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्ने क्रममा सम्बन्धित सहकारी संस्थाले प्रचलित कानूनको रीत पुर्याइ कार्य सम्पादन गर्नु पर्नेछ।

उपसचिव

सचिव

...विमला के.सी.
मन्त्री

## अनुसूची -१

## दरखास्तको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू,

................................मन्त्रालय/कार्यालय/केन्द्र

**विषयः लागत सहभागीतामा कार्यसम्पादन गर्न प्रस्ताव पेश गरिएको।**

त्यस कार्यालयबाट मिति ............../... .../...... मा प्रकाशित सूचना अनुसार यस .............. ............................ ................................. सहकारी/संघ/संस्थाले प्रदेश सरकारको वित्तीय सहयोगमा .............. ......... .......................... ............................ ........... .................................. ........... ..................................... आयोजना सञ्चालन गर्ने गरी मिति ............../........./...... को साधारण सभा □/ संचालक समितिले गरेको निर्णय बमोजिम सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची -३ वमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ ।

सहकारी संस्थासँग लागत सहभागितामा कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धी कार्यविधि २०७५ को शर्त, वन्देजहरु पालना गर्न यो संघ/संस्था मन्जुर गर्दछ ।

भवदीय

.................................

अध्यक्षः

नाम,थरः

संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

सम्पर्क नम्वरः

मितिः

उपसचिव

सचिव

मा.विमला के.सी.
मन्त्री

## अनुसूची –२

### लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्थाहरुको लागि प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस ........................................................को आर्थिक वर्ष............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ............................लागत सहभागितामा कार्य सम्पादन गर्न रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ..................जिल्लाका इच्छुक सहकारी संस्थाबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले.............दिन भित्र..............................मा तपसिल अनुसारका कागजातहरु संलग्न गरि तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना जारि गरिएको छ।

थप जानकारीका लागि...................................कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) संस्थाको विनियमको प्रतिलिपी,

(ग) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी,

(घ) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी,

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभा वा सञ्चालक समितिबाट आयोजना सञ्चालन गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपी,

(छ) सञ्चालक समितिको पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन, मोवाईल नम्बर खुलेको विवरण,

(ज) निर्माणसँग सम्बन्धित कार्यक्रमको हकमा संस्थाको आफ्नो नाममा रहेको जग्गाधनी पुर्जाको प्रतिलिपी ,



सचिव

...विमला के.सी.
मन्त्री

उपसचिव

(झ) अस्थायी प्रकृतिका संरचनाहरु निर्माणको हकमा २० बर्ष सम्मका लागी  भाडा वा लिजमा लिएको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,

(ञ) करारनामा वा सम्झौताको प्रतिलिपी,

(ट) अनुसूची-२ बमोजिम आयोजनाको विवरण,

(ठ) आयोजनामा संस्थाको तर्फबाट गर्नुपर्ने लगानीको सुनिश्चितता भएको  पत्र।

सचिव

मन्त्री

उपसचिव

## अनुसूची —३

### आयोजनाको विवरण

१) संघ/संस्थाको नामः

ठेगानाः

जिल्लाः

न.पा./गा.पाः

वडा नं.:

गाउं टोलः

२) दर्ता नम्वर र मितिः

३) आयोजनाको नामः

४) आयोजना सञ्चालन गरिने स्थलः

जिल्लाः

न.पा. /गा.पाः

वडा नं.:

गाउँ टोलः

५) आयोजना प्रारम्भ हुने मितिः

६) आयोजना सम्पन्न हुने मितिः

७) प्रस्तावित आयोजनाको कुल लागत रु.......................

७.१) स्थीर पूंजी आवश्यकता रु.................................

क) मेसिनरी उपकरण रु.....................

ख) जग्गा रु .....................................

ग) भवन रु..........................



सचिव

उपसचिव

मा.विमला के.सी.
मन्त्री

घ) पशुपंक्षी खरीद रु.................................

ङ) अन्य (खुलाउने) रु...........................

७.२) कार्यशील पूंजी आवश्यकता रु..........................................

८) संस्थाले वेहोर्ने लागत प्रतिशतः (क) रकम रु..................(ख) लागत प्रतिशत.........

९) संस्थाको लागत वेर्होने श्रोतः....................

(क) शेयर रकमवाट रु.......................

(ख) जगेडा कोषवाट रु............................

(ग) अन्य रु.....................................

१०) नेपाल सरकार वा प्रदेश सरकारको अन्य निकायवाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने: ..........................................................................

११. <u>सदस्य सहभागिताको अवस्थाः</u>

| वर्गिकरण | सहभागिता | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साधारण सदस्यता | | संचालक समितिमा | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | | कैफियत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| महिला | | | | | | | |
| एकल महिला/ एकल पुरुष | | | | | | | |
| अपाङ्ग | | | | | | | |
| दलित समुदाय | | | | | | | |
| पिछडिएका अल्प संख्यक जनजाति | | | | | | | |
| अन्य | | | | | | | |
| जम्मा | | | | | | | |

उपसचिव

सचिव

.विमला के.सी.
मन्त्री

१२. संस्थाको व्यवसायीक सेवामा सदस्य केन्द्रियताः

| विवरण | | हालको अवस्था (पछिल्लो आ.ब.) | | आयोजना सञ्चालन भए पछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| | | रु हजारमा | प्रतिशत | रु हजारमा | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामाग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैर सदस्यलाई | | | | |
| जम्मा | | | | | |

१३.रोजगारीको अवस्थाः

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष्य पूर्ण (वर्षमा २,०८० घण्टा काम पाउने भए १ जना मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्माा | | | | | | | | |



उपसचिव

सचिव

...विमला के.सी.
मन्त्री

१४.आयोजनासँग सम्वन्धित भौतिक पूर्वाधार तथा उत्पादन सम्वन्धी विवरण:

१४.१ आयोजना स्थलमा पूर्वाधारको स्थिति( ✓ चिन्ह लगाउनुहोस)

(क) विजुली ☐
(ख) टेलिफोन ☐
(ग) इन्टरनेट ☐
(घ) सिंचाई ☐
(ङ) पक्की सडक ☐
(च) कच्चि सडक ☐

१४.२ व्यवसायको लागि भवन टहरा सेड गोठको स्थिति ( ✓ चिन्ह लगाउनुहोस )

आफ्नै स्वामित्वमा निर्माण भएको ☐
आफ्नै स्वामित्वमा निर्माणाधिन ☐

१४.३ कार्यालयको भौतिक स्थिति:

आफ्नै भवन ☐
भाडाको घर ☐

१४.४संस्थागत सुशासनको स्थिति:

संचालक समितिको बैठक नियमित छ ☐ छैन ☐
वार्षिक साधारण सभा नियमित छ ☐ छैन ☐
लेखा परीक्षण नियमित छ ☐ छैन ☐
संघहरुमा आवद्ध छ ☐ छैन ☐
कार्य संचालन नियमावली छ ☐ छैन ☐

छ भने कति वटा:.............

आयोजनाको सम्भाव्यता अध्ययन छ ☐ छैन ☐
भएको भए व्यबसायको वार्षिक मुनाफा दर:...........

१४.५ उत्पादित वस्तुको वजार सम्भावना:

अन्तरार्ष्ट्रिय वजारको पहुँच भएको ☐ नभएको ☐
राष्ट्रिय वजारको पहुँच भएको ☐ नभएको ☐
स्थानीय वजारको पहुँच भएको ☐ नभएको ☐



उपसचिव सचिव
.विमला के.सी.
मन्त्री

१४.६ सामुहिक व्यबस्थापनमा संचालन

(क) हुने □ नहुने □

(ख) हुने भए सामुहिक रुपमा कसरी संचालन गरिने हो खुलाउने:

............................................................................................................................
.................................................................

............................................................................................................................
.................................................................

............................................................................................................................
.................................................................

............................................................................................................................
.................................................................

१४.७ प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व वढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिर्वतन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्वन:

क) हुने □ नहुने □

ख) हुने भए के कसरी हुने हो, खुलाउने:

............................................................................................................................
.......................................

............................................................................................................................
.......................................

............................................................................................................................
.......................................

............................................................................................................................
.......................................

मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप:

(क) हो □ होइन □

(ख) हो भने व्यहोरा खुलाउने



उपसचिव

सचिव

विमला क.सी.
मन्त्री

.................................................................................................................................................
.........................................

.................................................................................................................................................
.........................................

.................................................................................................................................................
.........................................

.................................................................................................................................................
.........................................

१४.८ बैदेशिक बजारीकरणः

| विवरण | हाल ( पछिल्लो आ.ब. अवस्था) | | आयोजना संचालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा विक्रि | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा | | | | |

१४.९ वातावरणीय सरोकार (प्राकृतिक श्रोतको जर्गेना, जैविक विविधतामा वढोत्तरी, स्थानीय जातको रैथाने वालीको संरक्षण, प्राङ्गारिक खेतीपाती,प्रदूषणको रोकथाम) लगायतमा पर्ने प्रभावः

(क) सकारात्मक प्रभावः हुने □ नहुने □

हुने भए के कस्तो हुने हो, खुलाउनेः

.................................................................................................................................................
...............................................................................

.................................................................................................................................................
...............................................................................

.................................................................................................................................................
...............................................................................

उपसचिव



सचिव

...विमला के.सी.
मन्त्री

ख) नकारात्मक प्रभावः हुने □ नहुने □

हुने भए के कस्तो हुने हो, खुलाउनेः

..........................................................................................................................................

..........................................................................

..........................................................................................................................................

..........................................................................

..........................................................................................................................................

..........................................................................

अन्य कुनै कुरा भए खुलाउनेः

..........................................................................................................................................

..........................................................................

..........................................................................................................................................

..........................................................................

..........................................................................................................................................

..........................................................................

..........................................................................................................................................

..........................................................................

अध्यक्षको हस्ताक्षर

..............................................

नाम,थरः

संस्थाको नाम, ठेगानाः

संस्थाको छापः

सम्पर्क नम्वरः

उपसचिव

सचिव

विमला के.सी.
मन्त्री

अनुसूची- ४

प्रारम्भिक जाँच सूची

१. सूचनाको म्याद भित्र दरखास्त दर्ता भए ☐ नभएको ☐
२. सूचनामा तोकिएका सबै कागजात संलग्न भए ☐ नभएको ☐
३. पछिल्लो वार्षिक साधारण सभा समयमै गरेको ☐ नगरेको ☐
४. पछिल्लो संचालक समितिको निर्वाचन समयमै गरेको ☐ नगरेको ☐
५. पछिल्ला वार्षिक लेखापरीक्षण समयमै गराएको ☐ नगराएको ☐
६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग गरेको ☐ नगरेको ☐
७. कार्यक्षेत्र भन्दा वाहिर गई कारोवार संचालन गरेको ☐ नगरेको ☐
८. संस्था संचालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा भएको ☐ नभएको ☐
९. वीउ पूंजी सम्बन्धी आयोजनाको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न भएको ☐ नभएको ☐
१०. कर चुक्ता प्रमाण पत्र भएको ☐ नभएको ☐
११. पूँजीगत अनुदान सम्बन्धी आयोजनाको हकमा वचत तथा ऋणको मुख्य कारोवार गरेको ☐ नगरेको ☐
१२. लेखा समितिको वार्षिक प्रतिबेदन पेश भए ☐ नभएको ☐

द्रष्टव्यः

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

जाँच गर्ने कर्मचारीः

नाम थरः

दस्तखतः

पदः

मितिः

प्रमाणित गर्ने कर्मचारी

नाम थरः

दस्तखतः

पदः

मितिः



सचिव

आसचिव

मन्त्री

## अनुसूची -५

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| सि.न. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | आयोजनाको सदस्य केन्द्रियता (उत्पादनमूलक संस्थामा सदस्यवाट खरिद, उपभोक्ता संस्थामा सदस्यहरुलाई विक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी | | २० |
| १.१ | हालको अवस्था | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा वढी | ८ | |
| (ग) | ५० वा वढी | ६ | |
| (घ) | २५ वा वढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| १.२ | आयोजनाको प्रक्षेपित अवस्था | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रति लाख लगानीमा पूर्ण रोजगारी संख्या) | | १५ |
| (क) | ५ जना वा वढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |



उपसचिव

सचिव

विमला के.सी.
मन्त्री

| | | | |
|---|---|---|---|
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| ३ | सीमान्तकृत समुदायको सहभागिता | | १५ |
| ३.१ | सदस्यमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | २ | |
| ३.२ | संचालक समितिमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ३.३ | आयोजनाको लाभ लिनमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | महिला सहभागिता | | १५ |

| | | | |
|---|---|---|---|
| ४.१ | सदस्यमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.२ | संचालक समितिमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.३ | आयोजनाको लाभ लिनमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा कम | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा वढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ५ | भौगोलिक अवस्था | | १० |
| (क) | गाउँपालिका | १० | |
| (ख) | नगरपालिका | ८ | |
| ६ | सिर्जनात्मकता | | २५ |

उपसचिव

सचिव

विमला के.सी.
मन्त्री

| | | | |
|---|---|---|---|
| (क) | सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन | ५ | |
| (ङ) | उत्पादनको वैदेशिक बजारीकरण | ५ | |

उपसचिव

सचिव

विमला के.सी.
मन्त्री

## अनुसूची -६

## सम्झौताको ढाँचा

१) संघ/संस्थाको नामः

ठेगानाः

जिल्लाः

न.पा./गा.पा.

वडा नं.:

गाउं/टोलः

२) दर्ता नम्वर र मितिः

३) आयोजनाको नामः

४) आयोजना स्थलः

जिल्लाः

न.पा./गा.पाः

वडा नं.:

गाउं/टोलः

४.१ आयोजना स्थल अनुसूची-१ बमोजिमको क्षेत्रमा पर्ने ☐ नपर्ने ☐

५) आयोजनाको कुल लागत रुः

६) लागत व्यहोर्ने श्रोतः

क) सँस्थाको तर्फबाट रु.

ख) मन्त्रालयको तर्फबाट रु.

ग) अन्यबाट रु.

७) सम्झौता गर्ने पदाधिकारीः

क) कार्यालयको तर्फबाट

नाम, थरः

पदः

दस्तखतः

मितिः

ख) संस्थाको तर्फबाट

नाम, थरः

पदः

दस्तखतः

मितिः

सचिव

.विमला के.सी.
मन्त्री

उपसचिव